# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०५।०६ गते।

## प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादी भगवान झा, दिलिप कुमार प्रधान, सुरेन्द्र कुमार कर्ण र राजाराम मण्डल रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

**अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाटः**

प्रतिवादी **सि.डि.ई. भगवान झाले** बोलपत्र मूल्याङ्कन गरी प्रतिवेदन पेश गर्दा गलत मनसायले बदनियतपूर्ण तवरबाट M/S Sanyo International Pvt. Ltd. लाई ठेक्का पार्न अनुकूल हुने गरी गलत प्रतिवेदन दिएको पाइएको हुँदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उप-दफा (२) अनुसारको कसुर गरेको पाइएको हुँदा निजलाई ऐ.ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद सजाय र जरीवाना हुन साथै, निजले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १५ अनुसार समेत थप कसुर गरेको देखिएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ बमोजिम समेत कैद सजाय र जरिवाना गर्न मागदावी लिईएको।

प्रतिवादी बोलपत्र मूल्यांकन समितिका पदाधिकारीहरु उप-सचिव दिलिप कुमार प्रधान (अध्यक्ष), अधिकृत आठौं सुरेन्द्र कुमार कर्ण (सदस्य-सचिव), सह-लेखापाल राजाराम मण्डल समेतले वोलपत्र मूल्यांकन गरी प्रतिवेदन पेश गर्दा गलत मनसायले बदनियतपूर्ण तवरबाट M/S Sanyo International Pvt. Ltd. लाई अनुकूल हुने गरी गलत प्रतिवेदन दिएकोले निजहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उप-दफा (२)अनुसारको कसुरमा ऐ. ऐनको दफा १९ (२) बमोजिम कैद सजाय र जरिवाना गर्न मागदाबी लिई बिशेष अदालतमा मुद्दा दायर गरिएकोमा प्रतिवादीहरुलाई बिषेश अदालतबाट मिति २०८०।१०।११ मा निम्न आधारहरुमा सफाई दिएको:

- मधेश प्रदेशका मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयबाट स्वीकृत बोलपत्र OCMCMS२/NCB/GOOD/०७७/७८-०६ for supply and delivery of Ladies bicycle को बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को अधिकार बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी गरिएको नमूना standard document को आधारमा bid document निर्माण भएको देखिएको।
- मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयबाट स्वीकृत भएको बिड डकुमेन्टमा बोलपत्र मूल्यांकन समितिलाई बोलपत्रको मूल्यांकनको लागि बोलपत्र सम्बन्धी कागजात (bid document) को evaluation qualification criteria को दफा ३ को २.१ मा size of operation अन्तर्गत विगत ३ वर्षको औसत कारोबार रु.७,७०,००,०००।- (सात करोड सत्तरी लाख ) हुनुपर्ने भन्ने व्यवस्था रहेको देखिएको, M/S Sanyo International Pvt. Ltd., Putalisadak, Kathmandu को कबोल रकम वादी नेपाल सरकार विरुद्ध भगवान झासमेत प्रतिवादी कायम भएको मुद्दामा रु.८,४४,६७,५००/- को ठेक्का कवोल भएको प्रस्ताव गरेको देखिएको, सो रकम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लागत अनुमान रु.८,७०,१०,०००/- भन्दा घटी रहेको र उजुरी समेत परेको नदेखिएको, यसरी छनौट भएको आपूर्तिकर्ताको योग्यताको मापदण्डमा तीन वर्षको वार्षिक औषत कारोबार तोकिएको रकम भन्दा कम नदेखिई बढी नै रहेकोले छनौट उपसमितिले कुनै बदनियत लिई नभएको नगरेको कुरा देखाएको वा भए गरेको कुरा लुकाई छिपाई आपूर्तिकर्ताको सिफारिस गरेको भन्ने नदेखिएको।

- मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र M/S Sanyo International Pvt. Ltd. वीच मिति २०७८।०३।११ मा सम्झौता भएको, सो सम्झौता उपर कुनै चुनौती दिएको समेत देखिएन, सम्झौताको अर्को पक्ष M/s Sanyo International Pvt. Ltd लाई प्रतिवादी बनाएको देखिदैन, सम्झौतालाई स्वीकार गरेको, सम्झौतालाई वैध मानेको अवस्थामा सम्झौता गर्ने क्रममा भएको प्रक्रियागत कार्यलाई अवैध मान्न मिल्ने नदेखिएको।
- मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रतिवादी भगवान झालाई मिति २०७७/०३/३१ गतेको पत्रले साइकल खरिद सम्बन्धी कार्य गर्न जिम्मा दिएको, निजले कार्यालयको तर्फबाट खरिद सम्झौता गरेकोमा दुबै पक्षले सो सम्झौतामा विवाद गरेको समेत नदेखिंदा प्रतिवादी भगवान झालाई लगाइएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ को आरोपदाबी समेत पुग्न सक्ने नदेखिएको ।

बिशेष अदालतको उक्त फैसलाउपर चित्त नबुझी आयोगबाट देहायका आधारहरु लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१/०५/०६ मा पुनरावेदन गरिएको छ ।

**देहायः**

क) खरिद गरिने मालसामान तथा निर्माण सम्बन्धी कार्य दरभाउपत्र, सिलवन्दी दरभाउपत्र वोलपत्र लगायतका माध्यमबाट गरिने खरिद कार्यको मूल्याङ्कन गर्ने प्रयोजनका लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७१ तथा सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १४७ (१) वमोजिम मूल्याङ्कन समिति गठन गर्न उपसचिव कानूनका दिलिप कुमार प्रधान(अध्यक्ष), सि.डि.ई. भगवान झा सदस्य, लेखा शाखा प्रमुख, सदस्य, खरिद इकाई प्रमुख सुरेश कुमार कर्ण, सदस्य सचिव कायम हुने गरी मूल्याङ्कन समिति गठन भएको तथापी मिति २०७७/०३/३१ च.नं. ७०१ को पत्रवाट वोलपत्र मूल्याङ्कन समिति गठन सम्बन्धमा माथि उल्लेखित अध्यक्ष र सदस्य रहेको समिति गठन भई आ.व.०७६/०७७ को लागि गठन समितिलाई नै आ.व. ०७७/०७८ को लागि समेत सोही समितिले निरन्तरता पाउने गरी मूल्याङ्कन समिति गठन गरिएको पत्र वनेको कागजपत्रवाट खुलेको, टिप्पणीमा स्वीकृत भएको आदेश भन्दा फरक व्यहोरा लेखी पत्रको ब्यहोरामा आ.ब.०७७/०७८ को लागि समेत भनी स्वीकृत नै नभएको बिबरणको ब्यहोरा पारी केबल पत्रमा अवधि थप भएको, स्वीकृत टिप्पणीमा आ.व.२०७७/७८ को लागि खरिद गर्ने हदमा मात्र टेण्डर मूल्याकन गर्न सम्म समिति गठन भएकोमा सो भन्दा फरक व्यहोराको पत्र लेखिएको कारणबाट उक्त पत्र नं. अनधिकृत र अवैध पुष्टि भएको। उल्लिखित बदनियतपूर्ण कार्यलाई कुनै बिचारै नगरी फैसला भएको देखिंदा फैसला त्रुटिपूर्ण रहेको।

ख) Ladies Bicycle खरिद गर्ने क्रममा बोलपत्र नं. OCMCS२/NCB/ GOOOS/०७७/०७८-०६ को टेण्डर आव्हान मिति १४ वैशाख २०७८ (27 April 2021) मा भएकोमा Tender Documents सवै प्रतिवादी भगवान झाले तयार गरी अन्य पदाधिकारीहरुलाई सहिछाप मात्र गराएको हो भन्ने तथ्य बिशेष अदालत,काठमाण्डौको लगाउको बोलपत्र नं. OCMCS२/NCB/GOODS/०७७/०७८-०१ मुद्दा नं ०७९-CR-०००५ को मुद्दामा प्रतिवादी याम प्रसाद भुसाल को वयानवाटै प्रष्ट खुलेको, यसरी Tender Documents बनाउँदा साईकल १०,०००/- थान आपूर्ति गर्न लागत अनुमान (भ्याट सहित) रु.८,७०,१०,०००।– मात्र रहेकोमा प्रतिवादी भगवान झाले सार्वजनिक खरिद अनुमान कार्यालयको (PPMO) को निर्देशिकाले वार्षिक औषत कारोवार लागत अनुमानको ५०-१००% हुनुपर्ने वाध्यात्मक व्यवस्था रहेकोलाई अनदेखा गर्दै अधिक प्रतिस्पर्धा सिमित गर्ने वदनियत सहित उक्त वोलपत्र योग्यताको मापदण्डमा तीन वर्षको वार्षिक औषत कारोवार लागत अनुमान भन्दा अधिक रु.११,५५,००,०००।– तोकी अंक उल्लेखित कायम गरेको अंकवाटै प्रतिवादीहरुको मूल्याङ्कन गर्ने कार्य वदनियतपूर्ण देखिंदा देखिंदै त्यसतर्फ न्यायोचित तवरले प्रमाण मूल्याङ्कन नगरी भएको फैसला बदरभागी रहेको।

ग) निज भगवान झा समेत सदस्य रहेको वोलपत्र मूल्याङ्कन समितिले आफैले तयार गरेको Tender Documents को Section 'V. Schedule of requirements अन्तर्गत Qualification Criteria (f) मा तीन वर्षको वार्षिक औषत कारोवार (Average Annual Turnover) रु.११,५५,००,०००।– एघार करोड पचपन्न लाख हुनुपर्ने भन्ने लेखिएकोमा सो अंक लाई अनदेखा गरी M/S Sanyo International Pvt.Ltd को पछिल्लो तीन वर्षको वार्षिक औषत कारोवार नपुगेको वा रु.१०,५९,९५,६४१।– रहेकोलाई पनि उक्त कम्पनी सारभुत रुपमा प्रभावग्राही देखाई छनोट र ठेक्का दिन

दिलाउन सिफारिस गरी सि.डि.ई. भगबान झा आफैंले ठेक्काको सम्झौता गर्ने अधिकार बिना ठेक्का सम्झौता समेत गरेको मिसिल संलग्न सम्झौता पत्र (25th June 2021 को सम्झौताबाट पुष्टी भएको, प्रमाणित रहेको कागजातलाई उचित मूल्यांकन नगरी सो नपाएको ओहदा/पद/अधिकार पाएँ भनी ठेक्का सम्झौता भएको होईन भन्न सक्ने अबस्था नरहेको स्थिति मिसिल सलंग्न सबुद प्रमाणबाट देखिंदा देखिंदै सबुद प्रमाणको न्यायोचित व्याख्या विश्लेषण नगरी कसुरदारको बदनियतपूर्ण कार्य प्रकृतितर्फ विचारै नगरी फैसला भएकोले बदरभागी रहेको।

घ) प्रतिवादीहरु दिलिप कुमार प्रधान बोलपत्र मूल्याकन समितिका अध्यक्ष, सुरेश कुमार कर्ण (सदस्य सचिव) र राजाराम मण्डल (सदस्य) समेतले वोलपत्र मूल्याङ्कन समितिले Tender Documents को Section 'V. Schedule of requirements अन्तर्गत Qualification Criteria (f) मा तीन वर्षको वार्षिक औषत कारोवार (Average Annual Turnover रु.११,५५,००,०००।– एघार करोड पच्पन्न लाख हुनुपर्ने भन्ने लेखिएकोमा सो अंक लाई अनदेखा गरी M/S Sanyo International Pvt.Ltd को पछिल्लो तीन वर्षको वार्षिक औषत कारोवार नपुगेको वा रु.१०,५९,९५,६४१।– रहेकोलाई कम्पनी सारभुत रुपमा प्रभावग्राही देखाई छनोट गरी ठेक्का दिन दिलाउन सिफारीस गरी सि.डि.ई. भगबान झा को योजनामा अनुतिर्ण M/S Sanyo International Pvt.Ltd लाई योग्यतम वोलपत्र दाता मानी सारभूत रुपमा प्रभावग्राही देखाई सो कम्पनीलाई छानी ठेक्का सम्झौताको लागि छनोट गरेको कार्यबाटै गलत नियतमा कार्य खरिद योजना बनाई खरिद कार्य सम्पादन भएको पुष्टि भएको प्रष्ट देखिंदा देखिंदै तथ्य, सबूद प्रमाण र प्रतिवादीहरुको बदनियतपूर्ण कार्यको नजर अन्दाज गरी फैसला भएकोले बदरभागी रहेको।

ङ) बोलपत्र मूल्याकन समितिमा रही उप-सचिव दिलिप कुमार प्रधान (अध्यक्ष), अधिकृत आठौं सुरेन्द्र कुमार कर्ण, (सदस्य-सचिव), सह-लेखापाल राजाराम मण्डल (सदस्य) समेतले Standard Bidding Document को Tender Documents मा Qualification Criteria को प्रकरण (f) मा "The average annual turnover during the last 3 years should be NRs. 11,55,00,000/- ,in case of J/V at least one partner must the 40 present of the total requirement, other partners must meet at least 25 percent of the total requirement and all partners combined must meet the total requirement " उल्लेख गरी टेण्डर डकुमेन्टमा प्रष्ट रुपमा ब्यबस्था भएको प्राबधानलाई अनदेखा गर्दै भएको फैसला कानून सम्मत नभई त्रुटिपूर्ण रहेको, ठेक्का मूल्याकनमा अनुत्तिर्ण कम्पनीलाई उत्तिर्ण पारी गलत प्रतिवेदन दिएर अनुत्तिर्ण भएका कम्पनीलाई गैरकानूनी लाभ लिई/दिइ ठेक्का दिलाउने प्रपन्च सहित वदनियतपूर्ण कार्य गरेका प्रतिवादीहरु दिलिप कुमार प्रधान, सुरेश कुमार कर्ण र राजाराम मण्डल समेतलाई सफाई दिने फैसला त्रुटिपूर्ण रहेको।

च) भगवान झाले वोलपत्र मूल्याङ्कन समितिमा सदस्य रही OCMCS२/NCB/ GOOOS/०७७/०७८-०६ नं को ठेक्का M/S Sanyo International Pvt.Ltd लाई पार्न गलत प्रतिवेदन दिई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १९(२) को कसूरजन्य अपराध गरेको प्रष्ट रहँदा रहँदै पनि लिखित रुपमा कार्यकारिणी अधिकार (Executive Authority) नभएकाले ठेक्का सम्झौता समेत गरेको कारणवाट ठेक्का खरिद सम्झौता गरेको पाईदा ऐ. ऐनको दफा १५ को कसूरमा निजलाई सजाय हुनुपर्ने देखिएको, अकाट्य प्रमाणको रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पत्रवाट कार्यशर्त (TOR) मा कार्य मात्र गर्न अधिकार प्रदेश सचिवले दिएको स्थितिमा सो अधिकारको दुरुपयोग भएको प्रष्ट देखिएकोमा निज प्रतिवादीको हकमा उल्लेखित दुबै कसूरको आरोपदावीवाट सफाई पाउने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।

प्रवक्ता
नरहरि घिमिरे

## देहायः

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादी **भगवान झा** समेत ४ जना (भगवान झा, दिलिप कुमार प्रधान, सुरेन्द्र कुमार कर्ण, र राजाराम मण्डल प्रतिवादीहरु भएको, बिशेष अदालतको मुद्दा नं. ०७९-CR-०००६), बिशेष अदालतबाट फैसला भएको मिति २०८०/१०/११) । | साईकल खरिद गर्दा अनियमितता गरी भ्रष्टाचार गरेको। | **(क) सि.डि.ई.भगवान झाको हकमाः**<br>सि.डि.ई. भगवान झा वोलपत्र मूल्यांकन समितिको सदस्यको हैसियतमा रही निजले बोलपत्र मूल्याङ्कन गरी प्रतिवेदन पेश गर्दा गलत मनसायले बदनियतपूर्ण तवरबाट M/S Sanyo International Pvt. Ltd. लाई ठेक्का पार्न अनुकूल हुने गरी गलत प्रतिवेदन दिएको पाइएको हुँदा निज प्रतिवादी भगवान झाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उप-दफा (२) अनुसारको कसूर गरेको पाईएको हुँदा निजलाई ऐ.ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद सजाय र जरीवाना हुन साथै, प्रतिवादी भगवान झाले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १५ अनुसार समेत थप कसूर गरेको देखिएको हुँदा निज सि.डि.ई भगवान झालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ बमोजिम समेत कैद सजाय र जरिवाना गर्न मागदावी लिईएको।<br>**(ख) वोलपत्र मूल्यांकन समितिका पदाधिकारी/सदस्यहरु; उप-सचिव दिलिप कुमार प्रधान (अध्यक्ष), अधिकृत आठौं सुरेन्द्र कुमार कर्ण, (सदस्य-सचिव), सह-लेखापाल राजाराम मण्डल (सदस्य)को हकमा:**<br><br>बोलपत्र मूल्यांकन समितिका पदाधिकारीहरु; उप-सचिव दिलिप कुमार प्रधान (अध्यक्ष), अधिकृत आठौं सुरेन्द्र कुमार कर्ण (सदस्य-सचिव), सह-लेखापाल राजाराम मण्डल समेतले वोलपत्र मूल्यांकन | <u>फैसला:</u><br>प्रतिवादीहरुलाई प्रस्तुत मुद्दाको आरोप मागदावीबाट **सफाई पाउने** ठहरी फैसला भएको अवस्था छ, जसमा:<br><br>**<u>निज प्रतिवादीहरु भगवान झा, दिलिप कुमार प्रधान, सुरेन्द्र कुमार कर्ण र राजाराम मण्डलको हकमा:</u>**<br>निज प्रतिवादीहरु भगवान झा, दिलिप कुमार प्रधान, सुरेन्द्र कुमार कर्ण र राजाराम मण्डलले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७१ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४७ साथै सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी भएका निर्देशिका एवं मापदण्ड, कार्यविधि र प्रकिया बमोजिम जिम्मेवारी वहन गर्नेगरी मूल्यांकन समिति गठन भएकोमा प्राप्त वोलपत्रको कानून बमोजिम मूल्यांकन गरी माथिल्लो अधिकारी समक्ष प्रतिवेदन पेश गरेको देखिएको र सो प्रतिवेदन अन्यथा देखिन नआएकोले निज प्रतिवादीहरुले आरोपदाबीबाट सफाई पाउने ठहर्छ भन्ने मिति २०८०/१०/११ मा बिशेष अदालत काठमाण्डौबाट फैसला भएको अवस्था विद्यमान छ।<br><br>**<u>विशेष अदालतले फैसला गर्दा लिईएका आधारहरु:</u>**<br>प्रस्तुत मुद्दामा सम्मानित बिशेष अदालत, काठमाण्डौबाट कुल ४ जना प्रतिवादीहरुमध्ये निज प्रतिवादीहरुले आरोपित कसूरबाट सफाई | छ) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं. २ जनकपुरधामको मिति २०७६/०४/०९ को टिप्पणी आदेश स्वीकृत भए वमोजिम आ.व.०७६/०७७ को लागि उक्त कार्यालयमा खरिद गरिने मालसामान तथा निर्माण सम्बन्धी कार्य दरभाउपत्र, सिलवन्दी दरभाउपत्र वोलपत्र लगायतका माध्यमवाट गरिने खरिद कार्यको मूल्याङ्कन गर्ने प्रयोजनका लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७१ तथा सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १४७ (१) वमोजिम मूल्याङ्कन समिति गठन गर्न उपसचिव कानूनका दिलिप कुमार प्रधान(अध्यक्ष), सि.डि.ई. भगवान झा सदस्य, लेखा शाखा प्रमुख, सदस्य, खरिद इकाई प्रमुख सुरेश कुमार कर्ण, सदस्य सचिव कायम हुने गरी मूल्याङ्कन समिति गठन भएको अवस्था देखिन्छ, तथापी मिति २०७७/०३/३१ च.नं. ७०१ को पत्रवाट वोलपत्र मूल्याङ्कन समिति गठन सम्बन्धमा माथि उल्लेखित अध्यक्ष र सदस्य रहेको समिति गठन भई आ.व.०७६/०७७ को लागि गठन समितिलाई नै आ.व. ०७७/०७८ को लागि समेत सोही समितिले निरन्तरता पाउने गरी मूल्याङ्कन समिति गठन गरिएको पत्र वनेको कागजपत्रवाट खुलेको देखिन्छ, यस पत्रानुसार मिति २०७६/०४/०९ को टिप्पणीमा स्वीकृत भएको आदेश भन्दा फरक व्यहोरा लेखी पत्रको व्यहोरामा आ.ब.०७७/०७८ को लागि समेत भनी स्वीकृत नै नभएको बिबरणको व्यहोरा पारी केवल पत्रमा अवधि थप भएको देखिन्छ, स्वीकृत टिप्पणीमा आ.व.२०७७/७८ को लागि खरिद गर्ने हदमा मात्र टेण्डर मूल्याकन गर्न सम्म समिति गठन भएकोमा सो भन्दा फरक व्यहोराको च.नं. ७०१ को पत्र लेखिएको कारणबाट उक्त पत्र नं. स्वयंमा अनधिकृत र अवैध पत्र वनेको पुष्टि भएको छ। उल्लिखित बदनियतपूर्ण कार्यलाई कुनै विचारै नगरी बिशेष अदालतबाट फैसला भएको देखिंदा फैसला त्रुटिपूर्ण छ ।<br><br>ज) Ladies Bicycle खरिद गर्ने क्रममा बोलपत्र नं. OCMCS२/NCB/GOOOS/०७७/०७८-०६ को टेण्डर आव्हान मिति १४ वैशाख २०७८ (27 April 2021) मा भएकोमा ती Tender Documents सवै प्रतिवादी भगवान झाले तयार गरी अन्य पदाधिकारीहरुलाई सहिछाप |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | गरी प्रतिवेदन पेश गर्दा गलत मनसायले बदनियतपूर्ण तवरबाट M/S Sanyo International Pvt. Ltd. लाई अनुकूल हुने गरी गलत प्रतिवेदन दिएको पाइयो ।तसर्थ, निज प्रतिवादीहरु दिलिप कुमार प्रधान, सुरेन्द्र कुमार कर्ण र राजाराम मण्डलले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उप-दफा (२)अनुसारको कसुर गरेको पाईएको हुँदा निजहरुलाई ऐ. ऐनको दफा १९ (२) बमोजिम कैद सजाय र जरिवाना गर्न मागदाबी लिईएको । | पाउने ठहरी फैसला गर्दा लिईएका आधार तथा कारणहरु देहाय बमोजिम रहेका छन्:<br><br>**क)** मधेश प्रदेशका मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयबाट स्वीकृत बोलपत्र OCMCMS२/NCB/GOOD/०७७/७८-०६ for supply and delivery of Ladies bicycle को बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को अधिकार बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी गरिएको नमूना standard document को आधारमा bid document निर्माण भएको देखिन्छ। मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयबाट स्वीकृत भएको बिड डकुमेन्टमा बोलपत्र मूल्यांकन समितिलाई बोलपत्रको मूल्यांकन को लागि बोलपत्र सम्बन्धी कागजात (bid document) को evaluation qualification criteria को दफा ३ को २.१ मा size of operation अन्तर्गत विगत ३ वर्षको औसत कारोबार रु.७,७०,००,०००।- (सात करोड सत्तरी लाख )हुनु पर्ने भन्ने व्यवस्था रहेको देखिन्छ, छनौट भएको आपूर्तिकर्ता M/S Sanyo International Pvt. Ltd. को पछिल्लो तीन वर्षको वार्षिक औसत कारोबार रु.१०,५९,९५,६४१।- रहेको भन्ने अभियोजन पत्रले नै स्वीकार गरेको देखिन्छ, M/S Sanyo International Pvt. Ltd., Putalisadak, Kathmandu को कबोल रकम वादी नेपाल सरकार विरुद्ध भगवान झा समेत प्रतिवादी कायम भएको मुद्दामा रु.८,४४,६७,५००/- को ठेक्का कवोल भएको प्रस्ताव गरेको देखिन्छ, सो रकम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लागत अनुमान रु.८,७०,१०,०००/- भन्दा घटी रहेको र उजुरी समेत परेको देखिदैन, यसरी छनौट | मात्र गराएको हो भन्ने तथ्य बिशेष अदालत,काठमाण्डौको लगाउको बोलपत्र नं. OCMCS२/NCB/GOODS/०७७/०७८-०१ मुद्दा नं ०७९-CR-०००५ को मुद्दामा प्रतिवादी याम प्रसाद भुसाल को वयानवाटै प्रष्ट खुलेको छ, यसरी Tender Documents वनाउँदा साईकल १०,०००/- थान आपूर्ति गर्न लागत अनुमान (भ्याट सहित) रु.८,७०,१०,०००।– मात्र रहेकोमा प्रतिवादी भगवान झाले सार्वजनिक खरिद अनुमान कार्यालयको (PPMO) को निर्देशिकाले वार्षिक औषत कारोवार लागत अनुमानको ५०-१००% हुनुपर्ने वाध्यात्मक व्यवस्था रहेकोलाई अनदेखा गर्दै अधिक प्रतिस्पर्धा सिमित गर्ने वदनियत सहित उक्त वोलपत्र योग्यताको मापदण्डमा तीन वर्षको वार्षिक औषत कारोवार लागत अनुमान भन्दा अधिक रु.११,५५,००,०००।– तोकी अंक उल्लेखित कायम गरेको अंकवाटै प्रतिवादीहरुको मूल्याङ्कन गर्ने कार्य वदनियतपूर्ण देखिंदा देखिंदै त्यसतर्फ न्यायोचित तवरले प्रमाण मूल्याङ्कन नगरी भएको बिशेष अदालतको फैसला प्रथम दृष्टिमै बदरभागी छ ।<br><br>झ) यसै गरी निज भगवान झा समेत सदस्य रहेको वोलपत्र मूल्याङ्कन समितिले आफैले तयार गरेको Tender Documents को Section 'V. Schedule of requirements अन्तर्गत Qualification Criteria (f) मा तीन वर्षको वार्षिक औषत कारोवार (Average Annual Turnover) रु.११,५५,००,०००।– एघार करोड पच्पन्न लाख हुनुपर्ने भन्ने लेखिएकोमा सो अंक लाई अनदेखा गरी M/S Sanyo International Pvt.Ltd को पछिल्लो तीन वर्षको वार्षिक औषत कारोवार नपुगेको वा रु.१०,५९,९५,६४१।– (अक्षेरुपी दश करोड उन्साठ्ठी लाख पन्चानब्बे हजार छ सय एकचालिस मात्र) रहेकोलाई पनि उक्त कम्पनी सारभुत रुपमा प्रभावग्राही देखाई छनोट र ठेक्का दिन दिलाउन सिफारिस गरी सि.डि.ई. भगबान झा आफैंले ठेक्काको सम्झौता गर्ने अधिकार विना ठेक्का सम्झौता समेत गरेको मिसिल संलग्न सम्झौता पत्र (25th June 2021 को सम्झौताबाट ) पुष्टी भै रहेको अवस्था छ, यसरी स-प्रमाण प्रमाणित रहेको कागजातलाई उचित मूल्याकंन नगरी सो नपाएको ओहदा/पद/अधिकार पाएँ भनी ठेक्का सम्झौता भएको होईन भन्न सक्ने अबस्था नरहेको स्थिति मिसिल सलंग्न सबुद प्रमाणबाट देखिंदा देखिंदै सबुद प्रमाणको न्यायोचित व्याख्या विश्लेषण नगरी कसुरदारको बदनियतपूर्ण कार्य प्रकृति तर्फ विचारै नगरी फैसला भएको देखिएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | भएको आपूर्तिकर्ताको योग्यताको मापदण्डमा तीन वर्षको वार्षिक औषत कारोबार तोकिएको रकम भन्दा कम नदेखिई बढी नै देखिन आउँछ, प्रतिवादी दिलिप कुमार प्रधान संयोजक रहेको छनौट उपसमितिले कुनै बदनियत लिइ नभएको नगरेको कुरा देखाएको वा भए गरेको कुरा लुकाइ छिपाइ आपूर्तिकर्ताको सिफारिस गरेको भन्ने नदेखिएको।<br><br>**ख)** मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र M/S Sanyo International Pvt. Ltd. बीच मिति २०७८।०३।११ मा सम्झौता भएको देखिन्छ, सो सम्झौता उपर कुनै चुनौती दिएको समेत देखिएन, सम्झौताको अर्को पक्ष M/s Sanyo International Pvt. Ltd लाई प्रतिवादी बनाएको देखिदैन, सम्झौतालाई स्वीकार गरेको, सम्झौतालाई वैध मानेको अवस्थामा सम्झौता गर्ने क्रममा भएको प्रक्रियागत कार्यलाई अवैध मान्न मिल्ने नदेखिएको।<br><br>**ग)** प्रतिवादी भगवान झाले विना अख्तियारी उक्त परियोजनामा सम्झौता गरेको भन्ने आरोप दाबी लिएको देखिन्छ, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले निज प्रतिवादीलाई मिति २०७७/०३/३१ गतेको पत्रले साइकल खरिद सम्बन्धी कार्य गर्न जिम्मा दिएको देखिन्छ, निज प्रतिवादीले कार्यालयको तर्फबाट खरिद सम्झौता गरेकोमा दुबै पक्षले सो सम्झौतामा विवाद गरेको समेत नदेखिंदा प्रतिवादी भगवान झालाई लगाइएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ को आरोपदाबी समेत पुग्न सक्ने नदेखिएको । | ञ) मुद्दाका अन्य प्रतिवादीहरु दिलिप कुमार प्रधान बोलपत्र मूल्याकन समितिका अध्यक्ष, सुरेश कुमार कर्ण (सदस्य सचिव) र राजाराम मण्डल (सदस्य) समेतले वोलपत्र मूल्याङ्कन समितिले Tender Documents को Section 'V. Schedule of requirements अन्तर्गत Qualification Criteria (f) मा तीन वर्षको वार्षिक औषत कारोवार (Average Annual Turnover रु.११,५५,००,०००।– एघार करोड पच्पन्न लाख हुनुपर्ने भन्ने लेखिएकोमा सो अंक लाई अनदेखा गरी M/S Sanyo International Pvt.Ltd को पछिल्लो तीन वर्षको वार्षिक औषत कारोवार नपुगेको वा रु.१०,५९,९५,६४१।– (अक्षरेपी दश करोड उन्साठ्ठी लाख पन्चानब्बे हजार छ सय एकचालिस मात्र)रहेकोलाई पनि उक्त कम्पनी सारभुत रुपमा प्रभावग्राही देखाई छनोट गरी ठेक्का दिन दिलाउन सिफारीस गरी सि.डि.ई. भगबान झा को योजनामा मतसल्लाह मिलाई सबैजनाले वदनियत राखी अनुतिर्ण M/S Sanyo International Pvt.Ltd लाई योग्यतम वोलपत्र दाता मानी सारभूत रुपमा प्रभावग्राही देखाई सो कम्पनीलाई छानी ठेक्का सम्झौताको लागि छनोट गरेको कार्यबाटै उल्लिखित प्रतिवादीहरुले गलत नियतमा ती कार्य खरिद योजना बनाई खरिद कार्य सम्पादन भएको पुष्टि भएको प्रष्ट देखिंदा देखिंदै तथ्य, सबूद प्रमाण र प्रतिवादीहरुको बदनियतपूर्ण कार्यको नजर अन्दाज गरी फैसला भएको देखिएको ।<br><br>ट) ठेक्का OCMCMS२/NCB/GOODS/०७७/७८-०६ मा तीन वटा वोलपत्रदाताले विभिन्न वोल अंक प्रस्ताव गरेकोमा बोलपत्र मूल्याकन समितिमा रही उप-सचिव दिलिप कुमार प्रधान (अध्यक्ष), अधिकृत आठौं सुरेन्द्र कुमार कर्ण, (सदस्य-सचिव), सह-लेखापाल राजाराम मण्डल (सदस्य) समेतले दोस्रो कम अंक (Second Lowest ) कवोल गर्ने M/S Sanyo International Pvt. Ltd. Putalisadak, Kathmandu लाई योग्यता सम्बन्धी मापदण्ड नपुग्दा समेत बदनियतपूर्वक छनौटका लागि सिफारिस गरेको पाईन्छ।सोही आधार कारणबाट भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ (२) वमोजिमको गलत प्रतिवेदन दिई कसूर गरेको प्रमाणित भै रहेको अवस्था छ, Standard Bidding Document को Tender Documents मा Qualification Criteria को प्रकरण (f) मा "The average annual turnover during the last 3 years should be NRs. 11,55,00,000/- ,in case of J/V at least one partner must the 40 present of the total |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | requirement, other partners must meet at least 25 percent of the total requirement and all partners combined must meet the total requirement " उल्लेख गरी टेण्डर डकुमेन्टमा प्रष्ट रुपमा ब्यबस्था भएको प्राबधानलाई अनदेखा गर्दै भएको विशेष अदालतको फैसला कानून सम्मत नभई त्रुटिपूर्ण छ, टेण्डरको हकमा मूल बिधान भनेकै नियम बमोजिमका टेण्डर डकुमेन्ट र सम्झौताका शर्तहरु हुने गर्दछ, यी बुँदामा प्रतिवादीहरुले कानूनी न्यायिक सिद्धान्तबाट बिचलित प्रवृत्ति देखाई कुनै पनि ठेक्का स्वीकार गर्न मिल्दैन, ती ब्यबस्थित प्राबधानकै बिरुद्ध कामकारवाही भएको कारण उल्लिखित तीनै जना प्रतिवादीहरुले प्रतिबादी भगवान झाको षडयन्त्रमा पसी मिलेमतो गरेर ठेक्का मूल्याकनमा अनुत्तिर्ण कम्पनीलाई उत्तिर्ण पारी गलत प्रतिवेदन दिएर अनुत्तिर्ण भएका कम्पनीलाई गैरकानूनी लाभ लिई/दिइ ठेक्का दिलाउने प्रपन्च सहित वदनियतपूर्ण कार्य गरेका निज प्रतिवादीहरु दिलिप कुमार प्रधान, सुरेश कुमार कर्ण र राजाराम मण्डल समेतलाई सफाई दिने बिशेष अदालत,काठमाण्डौको फैसला बदर गरी निज प्रतिवादीहरू सबैलाई आरोपित कसूरमा सजाय गर्नु पर्नेमा सफाइ दिइएको फैसला गंभिर त्रुटिपूर्ण देखिएको।<br><br>ठ) उपरोक्त वुंदाहरुवाट स-प्रमाण के प्रमाणित भएको छ भने भगवान झाले वोलपत्र मूल्याङ्कन समितिमा सदस्य रही OCMCS२/NCB/ GOOOS/०७७/०७८-०६ नं को ठेक्का M/S Sanyo International Pvt.Ltd लाई पार्न गलत प्रतिवेदन दिई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १९(२) को कसूरजन्य अपराध गरेको प्रष्ट रहँदा रहँदै पनि लिखित रुपमा कार्यकारिणी अधिकार (Executive Authority) नभएकाले ठेक्का सम्झौता समेत गरेको कारणवाट ठेक्का खरिद सम्झौता गरेको पाईदा ऐ. ऐनको दफा १५ को कसूरमा निजलाई सजाय हुनुपर्ने देखिन्छ, अकाट्य प्रमाणको रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०७७/०३/३१ को च.नं. ७०० को पत्रवाट कार्यशर्त (TOR) मा तोकी क्रमश १ देखि ५ सम्मको कार्य मात्र गर्न अधिकार प्रदेश सचिवले दिएको स्थितिमा सो अधिकारको दुरुपयोग भएको प्रष्ट देखिएको पाईन्छ, यस प्रकार उक्त ठेक्का मूल्याकन समितिको प्रतिवेदनमा गलत प्रतिवेदन पेश गरेका र नपाएको ओहदा पाएको देखाई निज प्रतिवादीको हकमा उल्लेखित दुबै कसूरको आरोपदावीवाट सफाई पाउने गरी भएको विशेष |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | अदालतको मिति २०८०/१०/११ को फैसला त्रुटिपूर्ण रहेको। |